परिच्छेद–१

प्रारम्भिक कथन

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम सवारी ऐन, २०२० रहेकोछ।

(२) यो ऐन नेपाल भर मुलुक लागू हुनेछ।

(३) यो ऐन, २०२० साल भाद्र १ गतेदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा––

(क) "सवारी" भन्नाले देहायको कुनै सवारी सम्झनु पर्छः–

(१) हात्ती, घोडा वा सवारीको निमित्त सामान्यतः उपयोग गरिने अरू जनावर, वा

(२) बैल गाडी, घोडा गाडी वा जनावरले तानी चलाउने अरू जुनसुकै किसिमको गाडी, वा

(३) मोटर कार, बस, ट्रक, लरी, ट्रेक्टर, सन साइकल, मोटर साइकल इत्यादि यन्त्रको शक्ति र सहायताले चल्ने गाडी,

(४) साइकल, साइकल रिक्सा, ठेला, डुङ्गा इत्यादि मानिसको शारीरिक शक्तिले तानी लाने सबै किसिमको गाडी।

(ख) "सवारीको जनावर" भन्नाले यस दफाको खण्ड (क) को उप–खण्ड (१) मा लेखिए बमोजिमको जनावर सम्झनु पर्छ,

(ग) "सवारी गाडी" भन्नाले यसै दफाको खण्ड (क) को उप–खण्ड (२) मा लेखिए बमोजिमको गाडी सम्झनु पर्छ,

(घ) "मोटर" भन्नाले यसै दफाको खण्ड (क) को उप–खण्ड (३) मा लेखिएको सवारी सम्झनु पर्छ,

(ङ) "चालक" भन्नाले सवारीको चालक सम्झनु पर्छ,

(च) "सार्वजनिक स्थान" भन्नाले सार्वजनिक सडक, गल्ली, नदी, पुल, बाटो घाटो वा सर्वसाधारण जनता आउने, जाने, बस्ने हक भएको ठाउंलाई सम्झनु पर्छ र यस शब्दले यात्रीहरू चढ्न, उत्रन वा सवारी रोक्न वा राख्न निर्धारित गरिएको ठाउँलाई समेत जनाउँछ,

(छ) "अनुमतिपत्र" भन्नाले सवारी चालकले सवारी चलाउनको निमित्त यस ऐन बमोजिम लिनुपर्ने अनुमतिपत्र सम्झनु पर्छ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "दर्ताको प्रमाणपत्र" भन्नाले यस ऐन बमोजिम दर्ता गराउनुपर्ने सवारीको सम्बन्धमा कानून बमोजिम अधिकार प्राप्त अधिकारीले दर्ता गरी दिएको प्रमाण–पत्र सम्झनु पर्छ,

(झ) "सङ्केत" भन्नाले बर्दि लगाएका पुलिस कर्मचारीले वा एका सवारीका चालकले अर्को सवारीको चालकलाई दिएको सूचना सङ्केत वा इशारा र सवारीको नियन्त्रण वा निर्देशका लागि अधिकार प्राप्त अधिकारीले लिखित वा साङ्केतिक रूपमा टांसेको वा राखेको सूचना, सङ्केत वा इशारालाइ समेत जनाउँछ,

(ञ) "सूचित आदेश" भन्नाले श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित गरी जारी गरेको आदेश सम्झनु पर्छ,

(ट) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

परिच्छेद–२

अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. सवारी चलाउन अनुमतिपत्र लिनुपर्ने:– (१) सूचित आदेशमा उल्लेख गरिएको कुनै सवारी तोकिए बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले चलाउन हुँदैन ।

(२) देहायमा लेखिएका कुनै व्यक्तिलाई सूचित आदेशमा उल्लेख भएको कुनै सवारी चलाउने अनुमतिपत्र दिइनेछैन:–

(क) अठार वर्ष नपुगेका व्यक्ति, वा

(ख) छारे रोग भएका वा बौलाएका वा एकाएक रिङ्गटा लाग्ने वा मूर्छा हुने किसिमको रोग भएको व्यक्ति,

(ग) आंखाको देख्ने शक्ति कमजोर भै चश्माको प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएका व्यक्ति,

(घ) साधारण ध्वनिसङ्केत आवाज वा हार्न सुन्न नसक्ने गरी बहिरो भएको व्यक्ति,

(ङ) रातो, हरियो इत्यादि रङ्गहरू तुरुन्त छुट्याउन नसक्ने दृष्टि दोष भएको व्यक्ति, वा

(च) रतौंधी भएको व्यक्ति,

(छ) हात खुट्टाको शक्ति हीन भै काम दिन नसक्ने भएको व्यक्ति ।

(३) कसैले आफ्नो स्वामित्व भएको वा आफ्ना जिम्मा वा हेरचाहमा रहेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै सवारी उप–दफा (१) को बर्खिलाप हुने गरी चलाउन आज्ञा वा अनुमति दिन हुँदैन ।

४. अनुमतिपत्रका लागि दरखास्त दिनेः– (१) दफा ३ को उप–दफा (२) मा उल्लेख भएका र दफा ९ बमोजिम अयोग्य घोषित गरिएको व्यक्ति बाहेक अरु कसैले दफा ३ बमोजिम सवारी चलाउनको निमित्त अनुमतिपत्र प्राप्त गर्न चाहेमा यस सम्बन्धमा तोकिएको दस्तूर दाखिल गरी तोकिए बमोजिमको ढांचामा तोकिएको अधिकारीका समक्ष दरखास्त दिनुपर्छ ।

(२) उप–दफा (१) बमोजिमको प्रत्येक दरखास्तका साथ दरखास्तवालाको हालैको फोटो तीन प्रति र तोकिए बमोजिम स्वीकृत चिकित्सकको स्वास्थ्य सम्बन्धी प्रमाणपत्रसमेत संलग्न रहेको हुनुपर्छ ।

५. अनुमतिपत्र दिनेः– दफा ४ बमोजिम कुनै दरखास्त परेमा दफा ३ को उप–दफा (२) मा लेखिएको र दफा ९ बमोजिम अयोग्य घोषित गरिएका व्यक्ति बाहेक अरुको हकमा दरखास्तमा लेखिएको सवारी चलाउन दरखास्तवाला समर्थ छ छैन भन्ने कुरा अनुमतिपत्र दिने अधिकारीले तोकिए बमोजिमको तरीकाले जांचबुझ गरी उपयुक्त देखिए निजलाई तोकिए बमोजिमको ढांचामा तोकिए बमोजिम रीत पुऱ्याई अनुमति-पत्र दिनुपर्छ ।

६. अनुमतिपत्रको बैधताः– (१) कुनै व्यक्तिले कुनै सवारीका सम्बन्धमा दफा ५ बमोजिमको अनुमतिपत्र प्राप्त गरेपछि निजले सो सवारी र सोही किसिमको सोभन्दा सानो सवारीहरू समेत चलाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम काठमाडौं उपत्यकाभित्र सवारी चलाउन रीतपूर्वक को अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले नेपाल भर मुलुक जुनसुकै ठाउँमा पनि उप–दफा (१) मा उल्लेख भए बमोजिम सवारी चलाउन अधिकार प्राप्त गरेको मानिनेछ ।

तर उपत्यका बाहिरको जिल्लामा कुनै सवारी चलाउन अनुमतिपत्र प्राप्त गरेका चालकले उपत्यकाभित्र त्यस्तो सवारी चलाउनलाई भने उपत्यकाको लागि त्यस्तो अनुमति-पत्र दिने अधिकारीबाट पनि रीतपूर्वकको अनुमतिपत्र लिनु वा लिएको हुनुपर्छ ।

(३) कुनै सवारीका सम्बन्धमा कुनै विदेशी राष्ट्रमा अनुमतिपत्र पाएका व्यक्तिले जिल्ला अधिकारीबाट अनुमतिपत्र पाए सरह तोकिए बमोजिमको रीत पुऱ्याई तोकिएको अवधिसम्म नेपाल सरहदभित्र यस ऐन बमोजिम सवारी चलाउन सक्नेछ ।

(४) (क) यस ऐनमा अन्यथा उल्लेख भएकोमा बाहेक दफा ५ अन्तर्गत जारी गरिएको अनुमतिपत्र सो जारी भएको मितिले एक वर्षसम्म बहाल रहने छ र सो म्याद नाघेको ३५ दिनभित्र दफा ७ बमोजिम नवीकरण (रिन्यू) नगरिएमा स्वतः खारेज भएको मानिनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर मनासिब माफिकको कारण परी सो म्यादभित्र नवीकरण (रिन्यू) गराउन नसकेमा सो अनुमतिपत्रको नवीकरण (रिन्यू) को लागि अधिकार प्राप्त अधिकारीले अर्को पैंतीस दिनको म्याद दिन सक्नेछ,

(ख) कसैले खण्ड (क) बमोजिम नवीकरण गर्न नसकी दफा ४ बमोजिम दरखास्त दिएमा अर्को अनुमतिपत्र दिन सकिनेछ।

तर निजको उपयुक्ततताबारे फेरि जांचबुझ गर्न आवश्यकता नदेखिएमा तोकिए बमोजिम जांचबुझ गर्नु पर्दैन।

७. अनुमतिपत्र रिन्यू गर्नेः– (१) कसैले दफा ६ को उप–दफा (४) मा उल्लेख भएको म्यादभित्र कुनै अनुमतिपत्र नवीकरण गराउन तोकिए बमोजिम दरखास्त दिएमा कानून बमोजिम नवीकरण गर्न अधिकार प्राप्त अधिकारीले यस सम्बन्धमा तोकिएको दस्तूर बुझी लिई नवीकरण गरिदिन सक्नेछ।

(२) कुनै अनुमतिपत्र सो अनुमतिपत्र जारी गर्ने अधिकारीबाट रिन्यू नभै कानून बमोजिम अधिकार पाएका अरू कुनै अधिकारीले रिन्यू गरी दिएको रहेछ भने सो कुराको सूचना सो अनुमतिपत्र जारी गर्ने अधिकारीलाई दिनुपर्छ।

८. अनुमतिपत्र बदर गर्नेः– (१) यस ऐनको कुनै व्यवस्थाको उलङ्घन भएको वा हुने देखिएमा यस ऐन बमोजिम जारी गरिएको कुनै अनुमतिपत्र सो जारी गर्ने अधिकारी वा कानून बमोजिम यस सम्बन्धमा अधिकार पाएका अन्य अधिकारीको आदेशले खारेज हुन सक्तछ।

(२) उप–दफा (१) अन्तर्गत दिइएको कुनै आदेशबाट मर्का पर्ने व्यक्तिले सो आदेश भएको मितिले पैंतीस दिनभित्र तोकिएको अधिकारी छेउ अपील गर्न सक्नेछ र सो अधिकारीले गरेको निर्णय त्यस सम्बन्धमा अन्तिम निर्णय मानिनेछ।

९. अनुमतिपत्र पाउन वा बहाल राख्न नसकिनेः– (१) यस ऐन बमोजिम अनुमतिपत्र पाउने वा अनुमतिपत्रका लागि दरखास्त दिने कुनै व्यक्तिले देहायमा लेखिएको कुनै काम गरेमा वा गरेको छ भन्ने लागेमा अनुमतिपत्र जारी गर्न अधिकार पाएका कुनै अधिकारीले त्यस्तो व्यक्तिलाई प्रतिवाद गर्ने मनासिब मौका दिई सो कुराको पर्चा खडा गरी त्यस्तो व्यक्तिले कुनै खास अवधिसम्मको लागि त्यस्तो अनुमतिपत्र बहाल राख्न वा पाउन नसक्ने गरी आदेश जारी गर्न सक्नेछ र सो बमोजिम गरिएमा त्यस्तो व्यक्तिले अनुमतिपत्र पाइसकेको भए पनि सो स्वतः खारेज भएको मानिनेछः–

(क) बराबर यस ऐन अन्तर्गतको अपराध गर्ने गरेको,

(ख) बराबर अम्मलको रूपमा कुनै मादक पदार्थ खाई सवारी चलाउने गरेको,

(ग) आफूले चलाउन अनुमतिपत्र पाएको कुनै सवारी वारेण्ट जारी हुने कुनै अपराध गर्न वा गराउनका लागि व्यवहार गरेको वा गर्ने गरेको वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफूले पाएका अनुमतिपत्र अर्कोलाई दिई व्यवहार चलाएको,

(घ) कुनै सवारीको चालकको रूपमा निजको पहिलेको आचरण सर्वसाधारण-लाई खतरापूर्ण रहेको ।

(२) कसैले यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूर गरेको वा आफूले अनुमति पाएको कुनै सवारी कुनै अपराध गर्नको निमित्त उपयोग गरेको ठहरेमा मुद्दा हेर्ने अधिकारीले निजलाई कानून बमोजिम हुने अन्य सजायका अतिरिक्त खास अवधि तोकी सो अवधिसम्मको लागि निजले पाएको अनुमतिपत्र बमोजिम सवारी चलाउन नपाउने गरी आदेश दिन सक्नेछ ।

तर–(क) सवारी चलाउंदा कानन बमोजिम निर्धारित गतिभन्दा बढी बेगले सवारी चलाए वा चलाउन लाए बापत यस ऐन बमोजिम दोस्रा पटकसम्म सजाय पाएका व्यक्तिका सम्बन्धमा यस उप–दफा बमोजिमको आदेश दिइने छैन,

(ख) मादक पदार्थ खाई सवारी चलाए वा चलाउन उद्योग गरे बापत यस ऐन बमोजिम सजाय पाएका व्यक्तिका सम्बन्धमा त्यस्तो आदेश दिंदा निजले त्यस्तो सवारी चलाउन नपाउने अवधि ६ महीनादेखि एक वर्षसम्म तोकिने छ,

(ग) सवारी चलाउँदा सो सवारीले कुनै मानिस, जीवजन्तु वा सम्पत्तिको हानि नोक्सानी गराई दुर्घटना ग्रस्त भएकोमा सो सवारीको चालक नअडिई भागे बापत यस ऐन बमोजिम सजाय भै निजका सम्बन्ध-मा त्यस्तो आदेश दिंदा निजले त्यस्तो सवारी चलाउन नपाउने अवधि बढीमा डेढ वर्षसम्म तोकिनेछ,

(घ) खतरा हुने गरी लापरवाहीसाथ सवारी चलाए बापत वा श्री ५ को सरकार वा तोकिएको कुनै अधिकारीको मञ्जूरी नलिई कुनै सार्वजनिक स्थानमा उछिना उछिन गरी सवारी चलाए वा सो कुराको स्वीकृति दिए बापत यस ऐन बमोजिम सजाय पाएका व्यक्तिका सम्बन्धमा त्यस्तो आदेश दिंदा निजले त्यस्तो सवारी चलाउन नपाउने अवधि बढीमा दुई वर्षको तोक्न सकिनेछ,

(ङ) दर्ता नगरी वा इजाजत लिनुपर्नेमा नलिई सवारी चलाए बापत यस ऐन बमोजिम सजाय पाएका व्यक्तिका सम्बन्धमा त्यस्तो आदेश दिंदा बढीमा एक वर्षको अवधि तोक्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप–दफा (१) वा (२) अन्तर्गतको आदेश जारी भएपछि जसको सम्बन्धमा सो आदेश जारी भएको हो सो व्यक्तिले आफूले पाएको अनुमतिपत्र तुरुन्त अनुमतिपत्र जारी गर्ने अधिकारीलाई बुझाइदिनुपर्छ ।

(४) उप–दफा (१) अन्तर्गतको आदेशबाट मर्का पर्ने व्यक्तिले तोकिएका अधिकारी समक्ष र उप–दफा (२) अन्तर्गतको आदेशबाट मर्का पर्ने व्यक्तिले सो आदेश जारी गर्ने अधिकारीको अपील सुन्ने अधिकारीका समक्ष सो आदेश भएको मितिले पैंतीस दिनभित्र अपील गर्न सक्नेछ । त्यस्तो अपील सुन्ने अधिकारीले दिएको निर्णय सो मुद्दाका लागि अन्तिम हुनेछ ।

(५) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उप–दफा (४) अन्तर्गत कुनै अपील परेको भएपनि सो अपील सुन्ने अधिकारीले अन्यथा आदेश नदिएसम्म उप–दफा (१) वा (२) अन्तर्गत दिइएको आदेश कार्यान्वित गर्न बाधा पर्नेछैन ।

(६) सवारी चलाउन नपाउने गरी यस दफा बमोजिम आदेश पाएका व्यक्तिले सो आदेशको अवधि भुक्तान नहुँदै सो आदेश खारेज गरिनको लागि सो आदेश जारी गर्ने अधिकारीका समक्ष दरखास्त दिन सक्ने छ र सो अधिकारीले पनि मनासिब देखेमा सो कुराको पर्चा खडा गरी पहिलेको आदेश खारिज गर्न वा सो अवधि घटाउन सक्नेछ ।

तर अपील परेकोमा वा अपील तहको अधिकारीबाट समेत आदेशको समर्थन भइसकेकोमा यस उप–दफा बमोजिमको अधिकार सो अपील सुन्ने अधिकारीलाई मात्र हुनेछ ।

(७) यस दफा बमोजिम आदेश जारी गरिएकोमा वा त्यस्तो आदेश खारेज वा परिवर्तन गरिएकोमा सो कुरा अनुमतिपत्रमा जनाउन लगाइनेछ ।

१०. नियम बनाउने अधिकारः– यस परिच्छेदको व्यवस्था कार्यान्वित गर्न श्री ५ को सरकारले खास गरी देहायका विषयहरूमा नियम बनाउन सक्नेछः–

(क) अनुमतिपत्र दिने वा यस परिच्छेदमा उल्लेख भएको अन्य अधिकारीको नियुक्ति, अधिकारक्षेत्र र अन्य काम कर्तव्यबारे,

(ख) अनुमतिपत्र पाउने व्यक्तिको आचरणबारे,

(ग) अनुमतिपत्र सम्बन्धी दस्तूरबारे,

(घ) यस परिच्छेद अन्तर्गतको शुरू मुद्दा र अपील सुन्दाको कार्यप्रणाली र सो सम्बन्धी दस्तूरबारे,

(ङ) हराए, नासिए, च्यातिएको अनुमतिपत्रको सट्टा नयाँ अनुमतिपत्र दिनेबारे,

(च) चालकको योग्यता र उपयुक्तता सम्बन्धी जांचबुझको तरीका र सो बापतको दस्तूरबारे, र

(छ) यस परिच्छेदको उद्देश्य कार्यान्वित गर्न आवश्यक अन्य व्यवस्था बारे ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–३

सवारी दर्ता गराउने व्यवस्था

११. दर्ता गराउनुपर्नेः– (१) दर्ता गराउनुपर्ने भनी सूचित आदेशद्वारा तोकिदिएको सवारी तोकिएको अधिकारीको अफिसमा तोकिए बमोजिम दर्ता नगराई कसैले परिवहनको काममा चलाउन वा चलाउने आज्ञा वा अनुमति दिन हुँदैन।

(२) उप–दफा (१) बमोजिम कुनै सवारी दर्ता गराउनुपरेमा सो सवारीको धनीले तोकिए बमोजिमको ढांचामा उल्लेख भए बमोजिमको सबै विवरण खोली दरखास्त दिनुपर्छ र सो दरखास्तसाथ यस सम्बन्धमा तोकिएको दस्तूरसमेत दाखिल गर्नुपर्छ ।

(३) उप–दफा (२) बमोजिम कुनै सवारी दर्ता गराउनको निमित्त कसैको दरखास्त परेमा दर्ता गर्ने अधिकारीले सो सवारी तोकिए बमोजिम दर्ता गरी तोकिए-को ढांचामा दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिनुपर्छ ।

(४) उप–दफा (३) बमोजिम दर्ता भएको प्रत्येक सवारीमा तोकिए बमोजिम अङ्क र शब्दसङ्केतसहितको प्लेट सजिलैसंग देखिने र बुझिने गरी राख्नु पर्छ।

(५) यस दफाको माथि उप–दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि उप–दफा (२) अन्तर्गत कुनै विदेशी कूटनैतिक वा वाणिज्य अधिकारीको दरखास्त परेमा सो दरखास्तमा उल्लेख भएको सवारीको दर्ता सम्बन्धी कारवाइ गर्ने, दर्ताको प्रमाणपत्र दिने र सङ्केत प्लेट राख्ने व्यवस्थाहरू श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ।

तर यस उप–दफा बमोजिम दर्ता भएको सवारी त्यस्तो कूटनैतिक वा वाणिज्य अधिकारीको सम्पत्ति नरही त्यसमा कुनै किसिमबाट अरू कसैले हक प्राप्त गरेमा उप–दफा (२), (३) र (४) मा उल्लेख भएका कुराहरू सो सवारीका सम्बन्धमा स्वतः लागू हुनेछन् ।

स्पष्टीकरणः– यस उप–दफामा "विदेशी कूटनैतिक वा वाणिज्य अधिकारी" भन्नाले श्री ५ को सरकारले त्यस्तो अधिकारी भनी मान्यता दिएको अधिकारी सम्झनु पर्छ ।

१२. अस्थायी दर्ताः– दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै सवारी अस्थायी रूपमा दर्ता गराउन चाहेमा सो कुरा खोली तोकिए बमोजिमको दस्तूरसमेत राखी दरखास्त दिनुपर्छ र त्यस्तो दरखास्त परेमा तोकिएको अधिकारीले तोकिए बमोजिम दर्ता गरी अस्थायी दर्ताको प्रमाणपत्र तोकिए बमोजिमको ढांचामा दिनु–पर्छ र त्यस्तो सवारीमा तोकिए बमोजिमको सङ्केत प्लेट राखिनेछ।

५३७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यस्तो प्रमाणपत्र दिंदा तीन महीनाभन्दा बढी अवधिको लागि दिइने छैन र त्यसको नवीकरण (रिन्य) पनि हुन सक्नेछैन।

१३. सवारी दाखिल गराउने अधिकारः– दफा ११ वा १२ बमोजिम कुनै सवारी दर्ता गर्नु-भन्दा अगावै दर्ता गर्ने अधिकारीले दरखास्तमा लेखिएको व्यहोरा सांचो हो होइन भन्ने कुरा जांचबुझ गरी यकिन गर्न सो सवारी निजका समक्ष दाखिल गर्न दरखास्त-वालालाई आदेश दिन सक्नेछ।

तर श्री ५ को स्वामित्व भएको सवारीको हकमा यो दफा लागू हुनेछैन।

१४. सवारी दर्ता गर्न इन्कार गर्न सकिनेः– दफा ११ वा १२ बमोजिम कुनै सवारी दर्ता गराउन कसैको दरखास्त परेकोमा सो सवारीमा चलाउन नहुने किसिमको कुनै खराबी देखिएमा वा यस ऐनको परिच्छेद ४ वा सो परिच्छेद अन्तर्गत बनेका नियमको कुनै व्यवस्थाको पालन नभएको देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सवारी दर्ता गर्ने इन्कार गर्न सक्ने छ र कुनै सवारी दर्ता गर्न त्यसरी इन्कार गरिएकोमा कारण खोली सो कुराको सूचना दरखास्तवालालाई दिनुपर्छ।

१५. दर्ताको मान्यताः– (१) यस परिच्छेद बमोजिम नेपालभित्र कुनै एक इलाकामा दर्ता भएको सवारी कुनै अर्को इलाकामा लैजान वा राख्न सकिनेछ।

तर सो बमोजिम कुनै एक इलाकामा दर्ता भएको सवारी बाह्र महीनाभन्दा बढी अवधिको लागि कुनै अर्को इलाकामा राख्न सकिने छैन र सोभन्दा बढी अवधिको लागि राख्नुपरेमा नयां सवारी सरह सो इलाकामा दफा ११ बमोजिम पुनः दर्ता गराउनुपर्छ।

(२) उप–दफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुनै कुरा श्री ५ को स्वामित्व भएको कुनै सवारी वा श्री ५ को सरकारको सवारीहरूको मरमत इत्यादिसमेतको आफ्नै व्यवस्था भएको हकमा लागू हुनेछैन।

(३) कुनै एक इलाकामा दर्ता भएको सवारी उप–दफा (१) बमोजिम कुनै अर्को इलाकामा लैजाने वा राख्ने कुराका सम्बन्धमा सवारीका धनी वा चालकले पालन गर्नुपर्ने कार्यविधि तोकी श्री ५ को सरकारले सामान्य वा विशेष आदेश जारी गर्न सक्नेछ र सो बमोजिम जारी गरिएको सामान्य आदेश नेपाल गजेटमा प्रकाशित गरिनेछ।

१६. ठेगाना वा स्वामित्व बदलिएमा सूचना दिनुपर्नेः– (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारीको धनीको स्थायी ठेगाना बदलिएमा वा सो सवारीमा अरू कसैको स्वामित्व हुन गएमा सो भए गरेका मितिले सात दिनभित्र सो कुराको सूचना सो सवारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिम कुनै सवारीको धनीको ठेगाना बदलिएको सूचना दिंदा सो सम्बन्धी दर्ताको प्रमाणपत्र दाखिल गर्नुपर्छ र दर्ता गर्ने अधिकारीले सो प्रमाणपत्रमा सूचना बमोजिमको नयां ठेगाना जनाई दिनुपर्छ। त्यस्तो सूचना साविकको इलाकाको दर्ता गर्ने अधिकारीलाई नदिई अर्को इलाकाको त्यस्तो अधिकारीलाई दिइएकोमा सो अधिकारीले यस उप–दफा बमोजिमको कारवाइ गरी त्यसको सूचना साविकको दर्ता गर्ने अधिकारीलाई समेत दिनुपर्छ।

(३) उप–दफा (१) बमोजिम कुनै सवारीको स्वामित्व बदलिएको सूचना दिंदा सो सम्बन्धी दर्ताको प्रमाणपत्र र स्वामित्वको हक छाडी दिने व्यक्तिको मञ्जूरीको लिखतको एक प्रति नक्कल र यस सम्बन्धमा तोकिएको दस्तूरसमेत दाखिल गर्नुपर्छ र दर्ता गर्ने अधिकारीले पनि आवश्यक जांचबुझ गरी व्यहोरा सांचो देखिएमा सो कुरा दर्ता किताबमा र दर्ताको प्रमाणपत्रमा समेत जनाई दिनुपर्छ। त्यस्तो सूचना साविकको इलाकाको दर्ता गर्ने अधिकारीलाई नदिई अर्को इलाकाको त्यस्तो अधिकारीलाई दिइएको रहेछ भने सो अधिकारीले यस उप–दफा बमोजिमको कारवाइ गरी त्यसको सूचना सो साविकको दर्ता गर्ने अधिकारीलाई समेत दिनुपर्छ।

१७. दर्ताको प्रमाणपत्रमा उल्लेख भएको कुरा फरक पर्ने गरी सवारीमा कुनै हेरफेर गर्न नहुनेः– (१) देहायको अवस्थामा बाहेक दर्ताको प्रमाणपत्रमा उल्लेख भएको कुरा फरक पर्ने गरी सवारीमा कुनै हेरफेर गर्नुहुँदैन।

(क) सम्बन्धित इलाकाको दर्ता गर्ने अधिकारीलाई त्यस्तो हेरफेर गर्न खोजेको कुराको सूचना दिएको, र

(ख) सो अधिकारीबाट त्यस्तो हेरफेर गर्ने अनुमति पाएकोमा।

तर कुनै महत्वपूर्ण हेरफेर नगरी स्यानातिना सर सामानहरू हटाए वा जडेकोमा यो उप–दफाको कुनै कुरा लागू हुनेछैन।

(२) उप–दफा (१) बमोजिम कुनै सवारीमा कुनै हेरफेर गर्ने सूचना प्राप्त भएमा दर्ता गर्ने अधिकारीले सो मितिले सात दिनभित्र आफ्नो स्वीकृति दिइसक्नुपर्छ र सो म्यादभित्र स्वीकृति नदिएकोमा स्वीकृति दिए सरह मानी सो बमोजिम सवारीमा हेरफेर गर्न सकिनेछ।

(३) यस दफामा लेखिए बमोजिमको सूचना साविकको इलाकाको दर्ता गर्ने अधिकारीलाई नदिई अर्को इलाकाको दर्ता गर्ने अधिकारीलाई दिइएको रहेछ भने सो अधिकारीले उप–दफा (२) बमोजिम गरी त्यसको सूचना साविकको दर्ता गर्ने अधिकारीलाई समेत दिनुपर्छ।

(४) यस दफा बमोजिम हेरफेरको लागि कुनै सूचना दिंदा त्यसको साथै दर्ताको प्रमाणपत्र र यस सम्बन्धमा तोकिएको दस्तूरसमेत दाखिल गर्नुपर्छ र दर्ता गर्ने अधिकारीले पनि सो हेरफेरको कुरा दर्ताको प्रमाणपत्रमा जनाई दिनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. दर्ताको प्रमाणपत्र अमान्य गर्नेः– (१) देहायको अवस्थामा दर्ता गर्ने अधिकारीले कुनै सवारीको दर्ताको प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मका लागि अमान्य गर्ने गरी आदेश जारी गर्न सक्नेछः–

(क) सो दर्ताको प्रमाणपत्रमा उल्लेख भएको सवारी अत्यन्त खराब अवस्थामा भै सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानि नोक्सानी हुने देखिएमा सो सवारी सन्तोषप्रद रूपमा मरमत वा ठीक नगरेसम्मको अवधिका लागि, र

(ख) यस ऐन बमोजिम अनुमति प्राप्त गर्नुपर्नेमा नगरी सो सवारी चलाए वा चलाउन लगाए बढीमा चार महीनासम्मको अवधिका लागि।

(२) उप–दफा (१) अन्तर्गत कुनै आदेश जारी गर्नुभन्दा अगावै सो सवारीका धनीलाई सो बमोजिम किन हुनु नपर्ने भन्ने कुराको कारण देखाउने मौका दिनुपर्छ र निजले कुनै कारण देखाएमा सो कुराको समेत विचार गरी मनासिब देखिएमा मात्र सो बमोजिमको आदेश जारी गर्नुपर्छ।

(३) उप–दफा (१) बमोजिम कुनै सवारीको दर्ताको प्रमाणपत्र अमान्य गरिएकोमा सो गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित अन्य सबै अधिकारीलाई दिनुपर्छ।

(४) उप–दफा (१) बमोजिम दर्ताको प्रमाणपत्र अमान्य गरिएको सवारीका धनीले सो भएको मितिले सात दिनभित्र सो प्रमाणपत्र अमान्य गर्ने अधिकारीलाई बुझाईदिनुपर्छ र सो अमान्य भएको अवधि नाघेपछि सो प्रमाणपत्र लिन आएका बखत सो अधिकारीले निजलाई बुझाइदिनुपर्छ।

१९. दर्ताको प्रमाणपत्र बदर गर्नेः– (१) दर्ता भएको कुनै सवारी कुनै किसिमले नासिएमा वा काम नलाग्ने गरी संधैका लागि बिग्रेमा वा संधैका लागि नेपाल बाहिर लगिएमा सो सवारीका धनीले सो भएको मितिले पन्ध्र दिनभित्र दर्ताको प्रमाणका साथ सो सवारी दर्ता गर्ने अधिकारीका समक्ष सो कुराको दरखास्त दिनु वा पठाउनु पर्छ र सो अधिकारीले पनि आवश्यक देखिए सो सवारीको जांचसमेत गरी दर्ताको प्रमाण-पत्र र सो सम्बन्धी दर्ता खारेज गरिदिनुपर्छ।

(२) उप–दफा (१) बमोजिमको रिपोर्ट साविकको दर्ता गर्ने अधिकारीलाई नदिई अर्को इलाकाको त्यस्तो अधिकारीलाई दिइएको रहेछ भने सो अधिकारीले उप–दफा (१) बमोजिमको कारवाइ गरी त्यसको सूचना सो साविकको दर्ता गर्ने अधिकारीलाई समेत दिनुपर्छ।

२०. अपीलः– यस परिच्छेद अन्तर्गत दर्ता गर्ने अधिकारीले दिएको कुनै आदेश वा गरेको कुनै निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो आदेश वा निर्णय भएको मितिले पैंतीस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनभित्र तोकिएको अधिकारीका समक्ष अपील गर्न सक्नेछ। त्यस्तो अपील सुन्ने अधिकारीले दिएको निर्णय सो मुद्दाका लागि अन्तिम हुनेछ।

२१. नियम बनाउने अधिकारः– यस परिच्छेदको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले खास गरी देहायका विषयहरूमा नियम बनाउन सक्नेछः–

(क) दफा २० अन्तर्गतको अपील सम्बन्धी कार्यप्रणाली र दस्तूरबारे,

(ख) तोकिएको अधिकारीको नियुक्ति, अधिकारक्षेत्र र अधिकार र कर्तव्यबारे,

(ग) दर्ताको प्रमाणपत्र जारी गर्ने र त्यस्तो प्रमाणपत्र हराए, नासिए, च्यातिएमा अर्को प्रमाणपत्र दिनेबारे,

(घ) अस्थायी दर्ताको प्रमाणपत्रको ढांचा, त्यसमा उल्लेख हुने व्यहोरा र सो सम्बन्धी अन्य विषयहरू बारे,

(ङ) चिह्न प्लेट राख्ने वा लगाउने तरीका र तत्सम्बन्धी अन्य कुराबारे,

(च) यस परिच्छेदमा लेखिएका काम कुराका सम्बन्धमा दस्तूर तोक्नेबारे,

(छ) तोकिए बमोजिम सबै किसिमको फारामको ढांचा बारे,

(ज) यस परिच्छेद बमोजिम दिनुपर्ने सूचना दिंदाको कार्यप्रणालीबारे,

(झ) दर्ताको प्रमाणपत्र नवीकरण गर्न दरखास्त परी सो कुरा विचाराधीन रहे सम्मका लागि सो प्रमाणपत्रहरूको मान्यता सम्बन्धी विषयबारे,

(ञ) सवारीको खरीद विक्री गर्ने विषयका सम्बन्धमा यस परिच्छेदका कुराहरू कति र कहांसम्म लागू गर्ने वा नगर्ने विषयबारे,

(ट) यस परिच्छेदको उद्देश्य कार्यान्वित गर्न अन्य आवश्यक कुराको व्यवस्था गर्नेबारे।

परिच्छेद–४

आवागमनमा नियन्त्रण सम्बन्धी व्यवस्था

२२. गति निर्धारण गर्नेः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा अन्य कुनै कानूनद्वारा प्रदत्त अधिकारको प्रयोग गरी कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारित गरिएको भए सो स्थानमा सो निर्धारित गतिभन्दा बढी बेगले त्यस्तो सवारी चलाउन वा चलाउन लाउन हुँदैन।

(२) श्री ५ को सरकारले वा यस सम्बन्धमा श्री ५ को सरकारद्वारा कुनै अधिकारीलाई सामान्य वा विशेष आदेश जारी गरी आफ्नो अधिकार सुम्पिएको त्यस्तो अधिकारीले सार्वजनिक सुरक्षा वा सहुलियतका निमित्त वा कुनै सडक वा पुलको अवस्थाको विचारबाट कुनै सार्वजनिक स्थानमा सवारी चलाउने गति निर्धारित गर्न आवश्यक ठानेमा खास किसिमको सवारीका लागि खास गति निर्धारित ग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्ने छ र सो बमोजिम गति निर्धारित गरिएमा उपयुक्त स्थानहरूमा सो कुरा सम्बन्धी सूचना टांस्न, टांग्न, जडान वा खडा गर्न लगाउनुपर्छ।

२३. वजनको हदः– (१) श्री ५ को सरकारले वा यस सम्बन्धमा श्री ५ को सरकार-द्वारा कुनै अधिकारीलाई सामान्य वा विशेष आदेश जारी गरी आफ्नो अधिकार सुम्पिएकोमा त्यस्तो अधिकारीले खास किसिमका सवारी कुनै खास सार्वजनिक स्थानमा चलाउनको निमित्त त्यस्तो सवारीको भारी रहित र भारीसहितको हुनुपर्ने वजनको हद निर्धारित गर्न सक्ने छ र सो बमोजिम वजनको हद निर्धारित गरिएकोमा सो निर्धारित वजनभन्दा बढी हुने गरी कसैले त्यस्तो सवारी चलाउन वा चलाउन लाउन हुँदैन।

(२) उप–दफा (१) को बर्खिलाप हुने गरी चलाइएको कुनै सवारीको चालक सो सवारीको धनी होइनरहेछ भने पनि अन्यथा प्रमाणित नभएसम्म सो सवारी त्यसको धनीको आज्ञा वा अनुमतिले चलाइएको सम्झिनेछ।

२४. परिवहनमा प्रतिबन्ध लगाउनेः– श्री ५ को सरकारले वा यस सम्बन्धमा श्री ५ को सरकारद्वारा कुनै अधिकारीलाई सामान्य वा विशेष आदेश जारी गरी आफ्नो अधिकार सुम्पिएकोमा त्यस्तो अधिकारीले सार्वजनिक सुरक्षा वा सहुलियतका निमित्त कुनै सार्वजनिक स्थानको अवस्थाको विचारबाट आवश्यक देखेमा त्यस्तो ठाउँमा कुनै सवारी चलाउनामा प्रतिबन्ध लगाउन सक्ने छ र सो बमोजिम प्रतिबन्ध लगाइएकोमा त्यस सम्बन्धी सबै विवरण र शर्तहरू खोली सो कुराको सूचना सो सार्वजनिक स्थान-मा सबैले सजिलैसंग देख्न बुझ्न सक्ने गरी टांसी, टांगी वा खडा गरिदिनुपर्छ।

२५. सवारीमा बस्ने मानिस र राखिने माल सामानको हद तोक्नेः– (१) कुनै किसिमको सवारीमा बढी से बढी कति वजनको माल सामान लाद्न वा कति मानिस वा अन्य जीवजन्तु चढाउन वा राख्न हुन्छ भन्ने कुराको निर्धारण गर्ने अधिकार श्री ५ को सरकार वा श्री ५ को सरकारद्वारा कुनै अधिकारीलाई सामान्य वा विशेष आदेश जारी गरी आपनो अधिकार सुम्पिएकोमा अधिकार त्यस्तो अधिकारीलाई हुनेछ र निजले सो कुराहरू निर्धारित गरी जारी गरेको आदेशको पालन गर्ने कर्तव्य प्रत्येक सवारीका चालकको हुनेछ।

(२) उप–दफा (१) अन्तर्गत जारी गरिएको आदेशको सबै विवरणसहितको सूचना सबै स्थानीय पत्र पत्रिकामा प्रकाशित गराइने छ र सर्वसाधारण सबैले सजिलैसित देख्न बुझ्न सक्ने गरी उपयुक्त स्थानहरूमा समेत टांसिने, टांगिने वा खडा गरिनेछ।

२६. परिवहन सङ्केत खडा गर्नेः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै व्यवस्था कार्यान्वित वा पालन गराउनको निमित्त आवश्यक देखिएमा श्री ५ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले वा यस सम्बन्धमा श्री ५ को सरकारले आफ्नो अधिकार सुम्पिएको अधिकारीले अन्तर्राष्ट्रिय प्रचलनमा मिल्दो जुल्दो हुने गरी आवश्यक देखिएको ठाउँ र स्थानहरूमा तोकिएको रङ्ग आकार र नमूना बमोजिमको आवश्यक परिवहन सङ्केतहरू टांग्न, टांस्न वा खडा गर्न सक्नेछ।

(२) उप–दफा (१) अन्तर्गत टांगिए, टांसिए वा खडा गरिएको परिवहन सङ्केतहरू सम्बन्धित अधिकारीहरू बाहेक अरू कसैले जानी जानी हटाउन, बदलिन, हेरफेर गर्न, मेट्न, च्यात्न, उखाड्न वा केरमेट गर्न हुँदैन।

(३) कुनै सवारीबाट अनजानमा वा अचानक उप–दफा (१) बमोजिमको कुनै परिवहन सङ्केत काम नलाग्ने गरी बिग्रे, हटे वा नासिएमा सो सवारीको चालकले सो कुराको सूचना यथासम्भव चांडो नजिकको पुलिस कर्मचारी वा पुलिस अफिस-लाई दिनुपर्छ।

(४) परिवहन सङ्केतहरूलाई यस सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलनमा मिल्दो जुल्दो गराउनको निमित्त उपयुक्त एवं आवश्यक देखेमा श्री ५ को सरकारले त्यस्तो सङ्केतको निमित्त तोकिएको रङ्ग, आकार वा नमूनामा सूचित आदेशद्वारा आवश्यक परिवर्तन गर्न सक्नेछ।

२७. सवारी अड्याउने स्थानः– श्री ५ को सरकारले वा यस सम्बन्धमा श्री ५ को सरकार-द्वारा सामान्य वा विशेष आदेश जारी गरी कुनै अधिकारीलाई आफ्नो अधिकार सुम्पिएकोमा त्यस्तो अधिकारीले स्थानीय पञ्चायतका अधिकारीसंग परामर्श गरी सवारी अड्याउन वा राख्न सार्वजनिक स्थान र तत्सम्बन्धी अन्य कुराहरू निर्धारित गर्न सक्नेछ।

२८. परिवहन सङ्केतको पालन गर्नुपर्नेः– प्रत्येक सवारीका चालकले परिवहन सङ्केतमा लेखिएका कुरा चिह्न वा सङ्केतको पालन गरी सोही बमोजिम सवारी चलाउनु पर्छ र सवारी चलाउने विषयका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत तोकिएको वा जारी गरिएको अरू शर्त, बन्देज वा निर्देशहरूको समेत पालन गर्नुपर्छ।

२९. सवारीलाई खतरा हुने किसिमले राख्न नहुनेः– कुनै सवारीका चालक वा तत्काल जिम्मा रहेको व्यक्तिले सो सवारी कुनै सार्वजनिक स्थानमा अड्याउँदा अरूलाई खतरा बाधा वा अनुचित तवरले असुविधा हुने गरी अड्याउन हुँदैन।

३०. सवारीको भित्री भाग बाहेक अरू ठाउँमा मानिस राखी चलाउन नहुनेः– कुनै सवारी चालक वा तत्काल जिम्मामा रहेको व्यक्तिले सवारीको भित्री भाग वा मानिस राख्न वा बस्न बनेको वा बस्न हुने ठाउं बाहेक सवारीको अरू भागमा मानिस राखी वा बसी चलाउन वा चलाउन लाउन हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकारले वा यस सम्बन्धमा सामान्य वा विशेष आदेश जारी गरी श्री ५ को सरकारबाट अधिकार पाएका अधिकारीले कुनै सवारीका सम्बन्धमा यस दफाको बन्देज पूर्ण वा आंशिक रूपमा हटाउन सक्नेछ ।

३१. चालकलाई बाधा हुन नदिनेः– कुनै सवारीका चालकले सवारी चलाउँदा सो सवारीलाई निजले आफ्नो नियन्त्रणमा राख्न बाधा पर्ने किसिमले कुनै माल सामान वा मानिस राख्न वा राख्न दिन हुँदैन ।

३२. सवारी अड्याउँदाको व्यवस्थाः– कुनै सवारीका चालक वा तत्काल जिम्मामा रहेका व्यक्तिले देहाय बमोजिम नगरी सो सवारी धेरै बेरसम्म कुनै सार्वजनिक स्थानमा अड्याउन, राख्न वा सो कुरा गर्न लाउन हुँदैनः–

(क) सो सवारी अनुमतिपत्र लिई चलाउन पर्ने सवारी भए आफ्नो सट्टामा रीतपूर्वक त्यस्तो अनुमतिपत्र पाएका कुनै व्यक्तिलाई राखी, र

(ख) चालक नभएका अवस्थामा सवारी अचानक भागी वा गुडी जान नपाउने पूरा बन्दोवस्त गरी ।

३३. अनुमतिपत्र र दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेः– (१) आफ्नो ओहदाका बर्दीको पोशाक लगाएको कुनै पुलिस कर्मचारीले वा अरू कुनै सम्बन्धित अधिकारीले जांचबुझका निमित्त खोजेका बखत आफ्नो अनुमतिपत्र र सवारीको दर्ताको प्रमाणपत्र पेश गर्नु प्रत्येक चालकको कर्तव्य हुनेछ ।

(२) कुनै चालकसित तत्काल अनुमतिपत्र वा दर्ताको प्रमाणपत्र नभै उप–दफा (१) बमोजिम खोजी भएका बखत पेश गर्न नसक्ने भएमा बढीमा सात दिनभित्र सो कुरा सम्बन्धित पुलिस अफिसमा वा सम्बन्धित अधिकारीका समक्ष पेश गर्नुपर्छ ।

३४. सवारी रोक्नुपर्नेः– (१) श्री ५ महाराजाधिराज तथा मौसूफका अङ्ग रक्षकहरूको सवारी चालकले बाहेक अन्य प्रत्येक सवारी चालकले आफूले चलाइरहेको सवारी देहायका अवस्थामा तुरुन्त रोकी आवश्यकतानुसार उचित समयसम्म अड्याई राख्नुपर्छः–

(क) आफ्नो ओहदाको बर्दीको पोशाक लगाएका कुनै पुलिस कर्मचारीले सो बमोजिम गर्न आदेश दिएमा, वा

(ख) कुनै जनावर तर्सी वा झस्की बेकाबू हुनसक्ने सम्भावना भै सो जनावर तत्काल जिम्मामा रहेका व्यक्तिले सो बमोजिम गर्न अनुरोध गरेमा, वा

(ग) सो सवारी दुर्घटनाग्रस्त भै कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएकोमा ।

(२) कुनै सवारी दुर्घटनाग्रस्त भै कुनै मानिस, जनावर वा सम्पत्तिको हानी नोक्सानी भएको रहेछ भने सो दुर्घटनाबाट मर्का पर्ने कुनै व्यक्तिले जान्न चाहेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो सवारीको चालकले आफ्नो र सवारीका धनीको नाम र ठेगाना बताउनुपर्छ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेश वा निर्देशको पालन नगरी कुनै सवारी चलाइएको छ भनी कुनै व्यक्तिले सो सवारीको चालकसित निजको र सवारीका धनीको नाम र ठेगाना सोध्न सक्ने छ र सो बमोजिम कसैले नाम र ठेगाना सोधेमा सो चालकले पनि बताउनुपर्छ।

(४) उप–दफा (२) वा (३) बमोजिम कुनै चालकसित नाम र ठेगाना जान्न चाहने वा सोध्ने व्यक्तिले आफ्नो नाम र ठेगाना पनि सो चालकलाई बताउनुपर्छ र सो नबताएसम्म सो चालकलाई पनि सो उप–दफाहरू बमोजिम गर्न कर लाग्नेछैन।

३५. सवारीको धनीले जानकारी दिनुपर्ने:– (१) यस ऐन अन्तर्गत कुनै कसूरको अभियोग लागेको सवारी चालकका विषयमा सम्बन्धित अधिकारीले कुनै कुरा जान्न बुझ्न चाहेमा सो कुराको जानकारी दिनु त्यस्तो प्रत्येक सवारीका धनीको कर्तव्य हुनेछ:–

(क) चालकको नाम, थर, हुलिया र ठेगाना, र

(ख) चालकले पाएको अनुमतिपत्र सम्बन्धी कुराहरू।

(२) उप–दफा (१) मा लेखिएको कुराले मात्र जानकारी पूरा नभै चालकको फोटो सम्बन्धित अधिकारीले मागेमा सवारीका धनीले चालकको फोटो भए सोसमेत पेश गर्नुपर्छ।

३६. दुर्घटना भएमा चालकको कर्तव्य:– (१) कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको ज्यू वा ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक परेको रहेछ भने सो सवारीको चालकले त्यस्तो मानिसको उपचारका लागि आवश्यक व्यवस्था गर्नेतर्फ तुरुन्त काम कारवाइ गर्नुपर्छ र जरूरी भएमा त्यस्तो मानिसलाई तुरुन्त नजिकको अस्पताल दाखिलसमेत गर्नुपर्छ।

तर नाबालकको हकमा मौकामा उपस्थित रहेको उसको संरक्षकले नचाहेमा अस्पताल दाखिल गरिनेछैन।

(२) कुनै सवारीद्वारा कुनै किसिमको दुर्घटना भै कुनै पुलिस कर्मचारीले सो दुर्घटना र सम्बन्धित अरू कुनै विषयमा सो सवारीको चालकसित कुनै कुराको सोधपुछ गरेमा निजले सो सोधिएको कुरा सबै बताउनुपर्छ र घटनास्थलमा कुनै पुलिस कर्मचारी नभएमा सो दुर्घटना भएको चौबीस घण्टामा ननघाई यथाशक्य चांडो दुर्घटनाको सबै स्थिति नजिकको पुलिस कर्मचारीका समक्ष रिपोर्ट गर्नुपर्छ।

(३) सवारी दुर्घटनाबाट कुनै मानिस घाइते भएमा वा मरेमा त्यसको घा-जांच औषधि उपचार गराउने र मरेकाको लाश जांच गराउनेको कर्तव्य स्थानीय पञ्चायत र पुलिसको समेत हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. दुर्घटनामा परेको सवारीको निरीक्षणः– कुनै दुर्घटनाको जांचबुझको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने कुनै सवारीको निरीक्षण गर्न आवश्यक देखिएमा सम्बन्धित पुलिस कर्मचारी वा कानून बमोजिम यस सम्बन्धमा अधिकृत अन्य अधिकारीले त्यस्तो सवारी आफू समक्ष दाखिल गर्न लगाई वा सो सवारी रहेको कुनै ठाउँमा गई निरीक्षण गर्न सक्ने छ र सवारीको चालक वा धनीलाई सूचना दिई सो सवारी जांचको लागि उपयुक्त स्थानमा लैजान सक्ने छ। त्यसरी लानुभन्दा अगावै सो सवारीको यात्रीहरू र निजहरूको मालसामान र सो बमोजिम जांचका लागि अन्त लानुपर्ने सवारीको समुचित प्रबन्ध तुरुन्त मिलाई मात्र अन्यत्र लानुपर्छ र त्यसरी लगेको सवारी अठचालीस घण्टाभित्र यथासम्भव चांडो फिर्ता बुझाउनुपर्छ।

३८. सडकमा मानिस वा चौपाया वा सवारी इत्यादि वायांबाट जानु वा चलाउनु पर्नेः–

(१) जुनसुकै मानिस वा चौपाया वा डोली म्याना, तामदानसमेत गैह्र सवारी सडकमा हिंड्दा वा चलाउँदासमेत अरू कुनै मानिस वा सवारीलाई धक्का नलाग्ने गरी आफ्नो वायां पट्टि किनारा भै हिंड्नु वा चलाउनुपर्छ।

(२) सडकमा कुनै सवारी चलाउँदा आउने जाने मानिस वा सवारीलाई थाहा हुन सक्ने गरी खास तरवले डेउडी परी नदेखिने ठाउँमा र भीडमा समेत जनाउको आवाज (हार्न) वा घण्टी इत्यादि दिनुपर्छ।

(३) हात्ती, घोडा इत्यादि सवारीका जनावर वा अरू कुनै किसिमको चौपाया हिंडाउँदा वा चलाउँदासमेत अरूलाई कुनै किसिमको हानि नोक्सानी नहुने बचाउ गरी होशियारीसाथ हिंडाउनु वा चलाउनुपर्छ।

३९. मानिस र सामान बीचमा छोड्न नहुनेः– दैवी परेमा बाहेक भाडा लिनु दिनु गरी माल वा मानिस राखी सवारी चला इसकेपछि पुऱ्याउन पर्ने ठाउँमा नपुऱ्याई बीचैमा छाड्न हुँदैन। त्यसरी छोडेबाट कुनै मानिस वा सम्पत्तिको हानि नोक्सानी भएमा सो हानि नोक्सानी सवारी चालकले तिर्नु बुझाउनुपर्छ र सजाय पनि हुन्छ।

तर चालकले आफूखुशी नछोडी सवारी धनीको आज्ञाले छोडेको रहेछ भने सो आज्ञा दिने धनीले नै सो सजाय र हानि नोक्सानी बेहोर्नुपर्नेछ।

४०. भाडा तोक्नेः– (१) श्री ५ को सरकारले उचित ठहराएमा एक ठाउँबाट अर्को ठाउँसम्म माल र मानिस लैजान ल्याउन लाग्ने भाडाको मुनासिब माफिकको दर तोक्न सक्नेछ।

(२) श्री ५ को सरकारले समय समयमा सूचित आदेशद्वारा तोकिदिएको इलाकामा भाडावाल सवारीमा भाडाको मिटरसमेत राख्न लगाउन सक्नेछ र सो मिटर बमोजिम सवारीको भाडा लिने दिने गर्नुपर्छ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. नियम बनाउने अधिकारः— यस परिच्छेदको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकार-ले खास गरी देहायका विषयमा नियम बनाउन सक्नेछ :—

(क) परिवहन सङ्केत वा इशारा सम्बन्धी विषयबारे,

(ख) टुटफुट भै वा बिग्री वा कुनै किसिमले नचल्ने भै सडकमा अडिरहेको वा छोडिएको सवारी र त्यसमा भएको माल सामान सडकबाट हटाई सुरक्षित स्थानमा राख्ने पुऱ्याउनेबारे,

(ग) यो ऐनको बर्खिलाप लादिएको माल सामान वा बसेका मानिस उतारन, झिक्ने वा हटाउनेबारे,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू दमकल, रेडक्रस, विरामी ल्याउने लैजाने एम्बुलेन्स वा कुनै खास किसिमका सवारीको निमित्त सबै वा केही लागू नहुने गरी छुट दिनेबारे,

(ङ) सवारी अड्याउने स्थानको वन्दोवस्त, त्यसको रेखदेख र व्यवस्था र त्यहां सवारी अड्याए बापत सवारीका धनीबाट लिइने दस्तूर इत्यादि र तत्सम्बन्धी अन्य व्यवस्थाबारे,

(च) ब्रेक वा गियर नलगाई भिरालोबाट मोटर सवारी चलाउन मनाही गर्नेबारे,

(छ) सडकको पेटी वा कुनै सडक कुनै वा सबै सवारीहरूद्वारा उपयोग गर्न नपाउने गरी प्रतिबन्ध लगाउनेबारे,

(ज) सर्वसाधारणलाई हानि, नोक्सानी वा कुनै किसिमको खतरा वा झिजो हुनबाट रोक्नको लागि गर्नुपर्ने यस परिच्छेदमा लेखिएदेखि बाहेक अन्य आवश्यक व्यवस्थाबारे,

(झ) सडकमा हिंड्ने मानिस वा हिंडाउने चौपाया वा सवारीले वा त्यस सम्बन्धीमा पालन गर्नुपर्ने आचरण, व्यवस्था र तत्सम्बन्धी अन्य कुराहरूबारे,

(ञ) डुङ्गाको सवारी र त्यसमा चढाउने मानिस वा माल सामानको वजन इत्यादि नियन्त्रण गनबारे,

(ट) पछि आएको सवारीले अघि गैरहेको सवारीलाई उछिनी जानुपर्ने भएमा अपनाउनुपन तरीकाबारे,

(ठ) सवारी मोडमा, दायां, वायां, सानु गल्ली, सडक, छेडो, पुलहरूमा बाटो-को हचौडीमा र सवारी निक्लने ढोका भएका ठाउँमा पुग्नुभन्दा अगाडि देखि नै आवाज (हार्न) घण्टी दिंदै विस्तारैसंग चलाई लैजानुपर्नेबारे,

(ड) सवारीमा अगाडि पछाडि र साइडपट्टि नम्बर प्रष्ट देखिने चिह्निने र नम्बरमा लाइट पर्ने गरी तोकिए बमोजिम बत्ती राखी चलाउनेबारे।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–५

अपराध र सजाय सम्बन्धी व्यवस्था

४२. यस ऐन अन्तर्गतको कसूर सम्बन्धी सजायको सामान्य व्यवस्थाः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप कुनै काम गर्ने गराउनेलाई यस परिच्छेदमा कुनै खास सजायको व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा तीन सय रुपैयांसम्म जरिवाना हुनेछ।

४३. आदेशको अवज्ञा गर्ने, बाधा उपस्थित गर्ने र सूचना दिन इन्कार गर्नेलाई सजायः–

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै अधिकारीले दिएको कुनै आदेश वा निर्देशको अवज्ञा गर्ने वा त्यस्ता अधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेश बमोजिम आफूले अधिकार पाई गरेको वा गर्न लागेको कुनै काम कारवाइमा बाधा उपस्थित गर्ने व्यक्तिलाई यस परिच्छेदमा कुनै खास सजायको व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा पांच सय पैयांसम्म जरिवाना हुनेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेश बमोजिम कुनै कुराको सूचना वा जानकारी दिनुपर्ने कर्तव्य भएका व्यक्तिले सो बमोजिमको सूचना वा जानकारी नदिएमा वा जानी जानी वा विश्वास गर्ने कारण भै झुट्टा सूचना दिएमा निजलाई यस परिच्छेदमा अन्यत्र कुनै खास सजायको व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा एक महीनासम्म कैद वा पाच सय रुपैयांसम्म जरिवाना वा दुवै हुनेछ।

४४. अनुमतिपत्र सम्बन्धी कसूरको सजायः– यस ऐन बमोजिम कुनै सवारीको चालकको रूपमा अनुमतिपत्र पाउन वा राख्न नसक्ने वा नहुने अयोग्य व्यक्तिले कुनै सार्वजनिक स्थानमा त्यस्तो सवारी चलाएमा वा त्यस्तो अनुमतिपत्र राखेमा वा झुक्याई प्राप्त गरेमा वा आफ्नो अनुमतिपत्र आर्कालाई दिई व्यवहार चलाएमा निजलाई तीन महीनासम्म कैद वा पांचसय रुपैयांसम्म जरिवाना वा दुवै सजाय हुनेछ र सो अनुमतिपत्र पनि खिचिनेछ।

४५. बढी बेगले सवारी चलाएमा सजायः– (१) दफा २२ को बर्खिलाप हुने गरी कसैले कुनै सवारी चलाएमा निजलाई मोटर सवारी भए पहिलो पटकलाई नसिहतसम्म वा पच्चीस रुपैयांसम्म जरिवाना, दोस्रो पटकलाई ५० पचास रुपैयांसम्म जरिवाना र त्यसपछि प्रत्येक पटकलाई एक सयको दरले सजाय हुनेछ।

(२) दफा २२ को बर्खिलाप हुने गरी कसैले आफूले नियुक्त गरेको वा आफ्नो नियन्त्रणमा रहेको कुनै व्यक्तिलाई सवारी चलाउन लाएमा निजलाई उप–दफा (१) बमोजिम सवारी चलाउनेलाई हुने सजायको दोब्बर सजाय हुनेछ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६. लापरवाहीसाथ सवारी चलाएमा सजायः– (१) कसैले दफा २८ को बर्खिलाप लापरवाहीसाथ सडकमा हिंडेमा वा कुनै सवारी चलाएमा वा सर्वसाधारण मानिसको जीउ ज्यान वा सम्पत्तिमा हानि नोक्सानी हुने गरी कुनै सवारी चलाएमा निजलाई देहाय बमोजिमको सजाय हुनेछः–

(क) मोटर सवारी चलाएको भए पहिला पटकलाई पांच सय रुपैयांसम्म जरिवाना, दोस्रो पटकलाई तीन महीनासम्म कैद वा एक हजार रुपैयांसम्म जरिवाना वा दुवै र तेस्रो पटकदेखिकोलाई प्रत्येक पटक छ महीनासम्म कैद र दुई हजार रुपैयांसम्म जरिवाना,

(ख) सवारी गाडी चलाएको भए पहिला पटकलाई पचास रुपैयांसम्म जरिवाना र दोस्रो पटकलाई एक सय रुपैयांसम्म जरिवाना र तेस्रो पटकदेखिलाई प्रत्येक पटक पन्ध्र दिनसम्म कैद वा दुई सय रुपैयांसम्म जरिवाना वा दुवै,

(ग) अरू अवस्थामा पच्चीस रुपैयांसम्म जरिवाना।

(२) उप–दफा (१) मा लेखिए बमोजिम सजाय हुने कसूरमा प्रयोग गरिएको सवारीको अनुमतिपत्र नलिएका वा अनुमति पाउन वा राख्न अयोग्य भएका व्यक्तिले चलाएका बखत कुनै दुर्घटना हुन गै मानिस मरेमा वा मानिसलाई घा चोट परेमा सो सवारीको धनीको आज्ञा वा मञ्जूरीले चलाएको भए सो सवारीसमेत जफत हुनेछ।

४७. मादक पदार्थ खाई सवारी हांक्नेलाई सजायः– सवारीको उचित नियन्त्रण गर्न नसक्ने गरी मादक पदार्थ खाई सवारी हांक्नेलाई देहाय बमोजिम सजाय हुनेछः–

(क) मोटर सवारी चलाएको भए पहिला पटकलाई पांच सय रुपैयांसम्म जरिवाना र दोस्रो पटकदेखिको प्रत्येक पटकलाई तीन महीनासम्म कैद वा एक हजार रुपैयांसम्म जरिवाना वा दुवै,

(ख) अरू सवारी भए एक सय रुपैयांसम्म जरिवाना।

४८. दर्ता नगराई सवारी चलाएमा सजायः– (१) कसैले दफा ११ को बर्खिलाप हुने गरी कुनै सवारी चलाएमा वा चलाउन लाएमा निजलाई देहाय बमोजिम सजाय हुनेछः–

(क) मोटर सवारी भए पहिला पटकलाई पांच सय रुपैयांसम्म जरिवाना र दोस्रो पटकदेखिको प्रत्येक पटकलाई एक हजारसम्म जरिवाना वा तीन महीनासम्म कैद, र

(ख) अरू सवारी भए पच्चीस रुपैयांसम्म जरिवाना।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि [कुनै विरामी वा घा चोट लागेका मानिसलाई वा औषधि उपचार वा खाद्यान्न सम्बन्धी माल सामानलाई कतै पुऱ्याउन अत्यावश्यक भै कुनै सवारी चलाइएकोमा सो उप–दफा बमोजिम सजाय हुनेछैन।

तर यस उप–दफामा लेखिएको अवस्थामा सवारी चलाइएको कुराको तीन दिनभित्र यथाशक्य चांडो सूचना सम्बन्धित पुलिस अफिसमा दिनुपर्छ।

४९. दफा २३ वा २४ वा २५ को प्रतिकूल सवारी चलाएमा सजायः– कसैले दफा २३ को उप–दफा (१) को वा दफा २४ वा दफा २५ बमोजिम लगाइएको कुनै प्रतिबन्धको बर्खिलाप हुने गरी कुनै सवारी चलाएमा निजलाई देहाय बमोजिम सजाय हुनेछः–

(क) मोटर सवारी भए पहिला पटकलाई एक सय रुपैयांसम्म जरिवाना र दोस्रो पटकदेखिको प्रत्येक पटकलाई दुई सय रुपैयांसम्म जरिवाना, र

(ख) अरू सवारी भए पच्चीस रुपैयांसम्म जरिवाना।

५०. दफा ३८ को बर्खिलाप गरेमा सजायः– कसैले दफा ३८ को बर्खिलाप हुने गरी देहायको कुनै काम गरे वा गराएमा निजलाई देहाय बमोजिम सजाय हुनेछः–

(क) मोटर सवारी चलाएको भए पहिला पटकलाई पचास रुपैयांसम्म जरिवाना र दोस्रो पटकदेखिको प्रत्येक पटकलाई एक सय रुपैयांसम्म जरिवाना,

(ख) अरू सवारी चलाएको भए दश रुपैयांसम्म जरिवाना, र

(ग) अरू काम कुरा गरेको भए एक रुपैयांसम्म जरिवाना।

५१. ज्यान मरेमा वा अङ्गभङ्ग भएमा थप सजायः– (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची वा ठक्कर लागि सो मानिस मरेमा मारौं भन्ने नियत लिई गरेको भए वा मारौं भन्ने नियत र मार्नपर्नेसम्को इबी अखच नभए पनि यस्तोमा यसरी सवारी हांकेमा मानिस मर्न सक्छ भन्ने जानी जानी लापरवाही गरी हांकेकोबाट दुर्घटना भई घा चोट लागि मुलुकी ऐन ज्यान सम्बन्धीको महलको म्यादभित्र मानिस मर्न गए सो चालकलाई ज्यान सम्बन्धी प्रचलित नेपाल कानून बमोजिम सजाय गर्नुपर्छ। त्यस्तो नियत वा अवस्था नभै ज्यान मर्न गएमा अन्य दफाले हुने सजायमा देहाय बमोजिमको सजाय थप हुन्छः–

(क) मोटर सवारी भए दुई हजार रुपैयांसम्म जरिवाना, र

(ख) अरू सवारी भए पांच सय रुपैयांसम्म जरिवाना।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची वा ठक्कर लागि निजको अङ्गभङ्ग भएमा जानी जानी सो कुरा गर्न खोजेको भए चालकलाई कुटपिट सम्बन्धी प्रचलित नेपाल कानून

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम सजाय गनुपर्छ र सो नभई भवितव्यबाट भएको रहेछ भने चालकलाई यस ऐनको अन्य दफाले हुने सजायमा देहाय बमोजिमको सजाय थप हुन्छ :–

(क) मोटर सवारीबाट सो बमोजिम अङ्गभङ्ग भै निको भए पनि काम नलाग्ने भएमा पांच सय रुपैयांसम्म जरिवाना र निको भै काम लाग्ने भए दुई सय रुपैयां जरिवाना, र

(ख) अरू सवारीबाट सो बमोजिम अङ्गभङ्ग भै निको भए पनि काम नलाग्ने भएमा दुई सय पैयां सम्म जरिवाना र काम लाग्ने भए एक सय रुपैयांसम्म जरिवाना ।

५२. चालक वा सवारी धनीलाई सजाय नहुनः– दफा ५१ मा लेखिएदेखि बाहेक अन्य अवस्थामा संयोगवश चालकको काबू बाहिरको परिस्थितिबाट दुर्घटना भई हानि नोक्सानी भएकोमा चालक वा सवारीको धनीलाई कुनै सजाय गर्न र घा खर्च, क्रिया खर्च र नोक्सानीको बिगो भराउनसमेत पर्दैन ।

५३. नोक्सानी बिगो भराउनेः– यस ऐनमा अन्यत्र अन्यथा लेखिएकोमा बाहेक यस ऐनको बर्खिलाप कुनै सवारी चलाउँदा सो सवारीले कसैको कुनै हानि नोक्सानी हुन गएमा सो नोक्सानीको बिगो सवारी चालकले सवारीको धनीको आज्ञा वा मञ्जूरीले सबारी चलाएको भए सो सवारीका धनीबाट र चालकले आफू खुशी सवारी चलाएको भए सोही चालकबाट प्रचलित नेपाल कानून बमोजिम असूल गरी सो हानि नोक्सानी हुने व्यक्तिलाई भराइदिनुपर्छ ।

५४. क्रिया खर्च वा घा खर्च भराउनेः– (१) दफा ५१ बमोजिम सजाय हुने अवस्थामा देहाय बमोजिम क्रिया खर्च वा घा खर्चसमेत चालकबाट भराइदिनुपर्छः–

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिका हकदारलाई एक हजार क्रिया खर्च, र

(ख) अङ्गभङ्ग भएकोमा निको भैकन पनि काम नलाग्ने भए एक हजार–देखि तीन हजारसम्म र काम लाग्ने भए पांच सयदेखि पन्ध्र सयसम्म घा खर्च ।

(२) उप–दफा (१) मा लेखिए बाहेक कसैलाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कसैले सवारी चलाएबाट कुनै घा चोट लागेमा निजलाई चालकबाट बढीमा दुई सयसम्म घा खर्चसमेत भराइदिनुपर्छ ।

(३) उप–दफा (१) वा (२) बमोजिम बुझाउनुपर्ने क्रिया खर्च वा घा खर्च चालकले बुझाउन सकेन भने र प्रचलित नेपाल कानून बमोजिम निजको जायजातबाट पनि उपर हुन सकेन भने सो उपर नभए जति रुपैयां निजबाट असूल उपर भएको जरिवाना वा सर्वस्वमध्येबाट भराइदिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५५. सवारीमा ढुङ्गा इत्यादि हान्ने फ्यांक्नेलाई सजायः— कुनै सवारीमा ढुङ्गा वा अरू कुनै ठोस पदार्थले हान्ने वा धूलो, मैलो वा गन्दा फ्यांक्नेलाई अरू कानूनले हुने सजायमा एक सय रुपैयांसम्म जरिवाना वा सात दिनसम्म कैद हुनेछ। तर सो अपराध नाबालकले गरेको भए दण्ड सजायका महल बमोजिम हुन्छ ।

५६. विना वारण्ट पक्राउ गर्न सकिनेः— (१) दफा ४३, ४६, ४७ वा ५१ बमोजिम सजाय हुने कुनै कसूर गरे भएको छ भन्ने लागेमा आफ्नो ओहदाको पोशाक लगाएको कुनै पुलिस कर्मचारीले त्यस्तो कसूर गर्ने व्यक्तिलाई विना वारण्ट पक्राउ गर्न सक्ने छ।

तर मादक पदार्थ खाई सवारी चलाए बापत यस उप–दफा बमोजिम पकडाउ गरिएका व्यक्तिलाई जांचको निमित्त कुनै स्वीकृत चिकित्सकका समक्ष पुऱ्याइने छ र सो बमोजिम नजचाइएमा पकडाउ गरिएको दुई घण्टाभित्र निजलाई रिहाई गरिदिनुपर्छ ।

(२) उप–दफा (१) का अतिरिक्त देहायका अवस्थामा समेत त्यस्तो पुलिस कर्मचारीले देहायका व्यक्तिलाई बिना वारण्ट पकडाउ गर्न सक्नेछः—

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेश बमोजिम नाम, ठेगाना सोधिएका व्यक्तिले सो बमोजिम आफ्नो नाम ठेगाना नबताएमा वा बताए पनि झुट्ठो बताएको छ भन्ने त्यस्ता पुलिस कर्मचारीले विश्वास गर्ने कारण भएमा, वा

(ख) यो ऐन अन्तर्गतको कुनै कसूर गर्ने व्यक्ति फिरार भैरहेकोमा वा फिरार हुने सम्भावना छ भन्ने त्यस्तो पुलिस कर्मचारीलाई विश्वास हुने कारण भएमा ।

५७. मुद्दा हेर्नेः— यस ऐनमा अन्यत्र अन्यथा लेखिएकोमा र ज्यान मरेको वा अङ्गभङ्ग भएकोमा बाहेक यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटबाट ठाडै कारवाइ गरी किनारा लगाइने छ र त्यसमा चित्त नबुझ्नेले जिल्ला अदालतमा कानून बमोजिम अपील गर्न पाउनेछ।

५८. हद म्याद कायम गर्नेः— प्रचलित कानूनमा हद म्याद लेखिएकोमा सोही बमोजिम र अरूमा भए गरेका पैंतीस दिनभित्र उजूर नदिए लाग्दैन।

५९. गाउँ पञ्चायत र जिल्ला पञ्चायतको अधिकारः— यो ऐनमा जुनसुकै कुरा लेखिएको भएपनि सवारीका सम्बन्धमा कुनै नेपाल ऐनद्वारा गाउँ पञ्चायत वा जिल्ला पञ्चायतलाई कुनै अधिकार प्रदान भएको रहेछ भने सो कुरामा सोही ऐन बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–६

खारेजी

६०. खारेजीः– (१) सवारीको रूलको ऐन खारिज गरिएको छ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुरामा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुन्छ।

लालमोहर सदर मितिः– २०२०।४।३२।६

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।